छैनभने नपुंसकलिङ्गमा रहन्छन् ॥ २३ ॥ सय (१००) देखि परतिरका संख्यालाइ कहने, कोटी, लक्ष, शब्द बाहेक, शत, सहस्र, अयुत, नियुत, इत्यादि शब्द नपुंसकलिङ्गी हुन्छन् ॥ कोटि शब्द भने स्त्रीलिङ्गीछ। लक्ष शब्द नपुंसकलिङ्ग र स्त्रीलिङ्ग २ मारहन्छ ॥ द्व्यच्क (२ अच्हुने) अस् अन्त्यमाहुने-मनस्, पयस्, तेजस्, इत्यादि शब्द, १, इस् अन्त्यमाहुने-सर्पिस्, हविस्, शोचिस्, इत्यादि शब्द २, उस् अन्त्यमाहुने-वपुस्, यजुस्, धनुस्, इत्यादि शब्द ३, अन् अन्त्यमाहुने-चर्मन्, वर्मन्, मर्मन्, इत्यादि शब्द ४, इ ४ तरहका शब्द पनि नपुंसकलिङ्गी हुन्छन् ॥ कर्तृभिन्न (कर्ता बाहेक) अर्थमा विधान गरेको ल्युट् प्रत्ययहुनाले अन अन्त्यमाहुने, गमन, रमण, दान, इत्यादि शब्द पनि नपुंसक लिङ्गी हुन्छन् ॥ कर्तामा विधान गरेको अन अन्त्य मा हुने, नन्दन, रमण, इत्यादि शब्दता विशेष्यनिघ्न लिङ्गीहुन्छन् ॥ २४ ॥ त्र अन्त्यमाहुने-पात्र, दात्र, वस्त्र, इत्यादि शब्दपनि बाधक वचन छैन भने नपुंसकलिङ्गी हुन्छन् ॥ स उपधामा (अन्त्य वर्णभन्दा पहिले) हुने, बिस, बुस, अन्धतमस, इत्यादिशब्द र, ल-उपधामा हुने-कुल, कूल, मूल, इत्यादिशब्द पनि बाधकवचन छैन भने नपुंसकलिङ्गी हुन्छन् ॥ संख्यावाचक शब्द पूर्वमा हुने-पञ्चरात्र, त्रिरात्र, इत्यादिगरेको रात्र शब्द पनि नपुंसकलिङ्गमाछ ॥ पात्र, भुवन, युग, इत्यादि अकारान्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वन्द्वैकत्वाव्ययीभावौ पथः संख्याव्ययात्परः ॥
षष्ठ्याश्छाया बहूनां चेद्विच्छायं संहतौ सभा २६॥
शालार्थापि परा राजामनुष्यार्थादराजकात् ॥

शब्द परहुने द्विगुसमास (संख्यापूर्वमा हुनेसमास) एकवचनान्तछ भने नपुंसकलिङ्गीहुन्छ॥ जस्तै-पञ्चपात्रम्, त्रिभुवनम्, चतुर्युगम्, इत्यादि ॥ यांवचन छ भनेर चतुर्माननम्, द्विनरम्, इत्यादि मन्परी गर्नुहुदैन, किन्तु-प्रामाणिक वचन मा तेस्ता प्रयोग देखियेभने तीप्रयोग शुद्धहुनू, नत्रअशुद्ध हुन्छन् ॥ २५ ॥ समाहार मा द्वन्द्वसमास भयेर एकवचनान्त भयेका, पाणिपाद, शिरोग्रीव, इत्यादिशब्द र, अव्ययभिावसमासभयेका, अधिहरि, अधिगोप, इत्यादिशब्द पनि नपुंसकलिङ्गी हुन्छन् ॥ संख्या-वाचक र, अव्यय, पूर्वमा हुने पथशब्द (समासान्तगरे-को पथिन् शब्द) पनि नपुंसकलिङ्गी हुन्छ ॥ जस्तै-द्विपथम्, त्रिपथम्, इत्यादि ॥ छायाशब्द अन्त्यमाहुने षष्ठीतत्पुरुष समास पनि पूर्वपदार्थको बहुत्व बुझिन्छ भने (छायाशब्द भन्दा पूर्वको शब्द बहुवचनान्त छ भने) नपुंसकलिङ्गीहुन्छ ॥ जस्तै-वीनाम्-छाया, भन्दा, ' विच्छायम्, यस्तो भयो॥ पूर्वपदार्थ को बहुत्वबुझिदैन भनेता नपुंसकलिङ्ग पनिहुन्छ स्त्रीलिङ्ग पनि हुन्छ॥ जस्तै-गृहस्य-छाया, भन्दामा, गृहच्छाया, पनिभयो, गृहच्छायम्, पनिभयो ॥ समूह अर्थलाइ कहने सभाशब्द अन्त्यमाहुने षष्ठीत-त्पुरुषसमास पनि नपुंसक लिङ्गीहुन्छ ॥ जस्तै—स्त्रीणाम्-सभा, भन्दामा,'स्त्रीसभम्, यस्तो भयो । समूह अर्थहुने सभाशब्द होइन भनेता स्त्रीलिङ्गीहुन्छ ॥ जस्तै-धर्मस्य-सभा, भन्दा,' धर्मसभा, यस्तो भयो ॥ जाहा धर्मको घर (धर्मशाला) यस्तो अर्थहो ॥ २६ ॥ गृह (घर) भन्ने अर्थ भयाको सभाशब्द अन्त्यमाहुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दासीसभं नृपसभं रक्षःसभमिमा दिशः ॥२७॥
उपज्ञोपक्रमान्तश्च तदादित्वप्रकाशने ॥
कोपज्ञकोपक्रमादि कन्थोशीनरनामसु ॥२८॥

षष्ठीतत्पुरुष समास पनि सभाशब्द देखि पूर्वतिर, राजशब्द बाहेक सामान्य राज वाचक, इन, प्रभु, इत्यादि शब्दर, अमनुष्य (राक्षस, पिशाच इत्यादि) वाचक शब्द, रहेका छन् भने नपुंसकलिङ्गी हुन्छ ॥ " शालार्थाऽपि " ज्ञाहाका अपि शब्दले समुदाय अर्थहुने सभा शब्दान्त षष्ठीतत्पुरुष पनि नपुंसक लिङ्गी हुन्छ ॥ जस्तै–"कमारी को समुदाय भन्दामा,"दासीनां सभा,, यस्तो विग्रहगेर, " दासीसभम् " यस्तो नपुंसकलिङ्गी रूपभयो ॥ राजा को घर भन्दामा, " नृपस्य–सभा,, यस्तो विग्रह गरेर, " नृपसभम् " यस्तो रूपभयो ॥ राक्षसको सभा भन्दा,"रक्षसः सभा " यस्तो विग्रह गरेर, " रक्षःसभम् " यस्तो रूप भयो ॥ इत्यादि अरू जान्नु ॥ २७ ॥ उपज्ञा शब्दर, उपक्रम, शब्द, अन्त्यमाहुने तत्पुरुष समास पनि उपज्ञा र उपक्रमको आदित्व (प्रथमत्व) बुझिन्छभने नपुंसकलिङ्गी हुन्छ ॥ जस्तै– " कस्य, उपज्ञा–कोपज्ञम् (प्रजा) " ज्ञाहा ब्रह्माले पहिले जानियेकी (प्रजा) यस्तो अर्थ हुनाले उपज्ञा (प्रथम ज्ञान) को आदित्व बुझियेको उपज्ञा शब्दान्त भयेको कोपज्ञ शब्द नपुंसकलिङ्गीभयो ॥ त्यस्तै–" कस्य–उपक्रमः–कोपक्रमम् (लोकः) " ज्ञाहा पनि, ब्रह्माले पहिले बनाउन थालियेको (लोक) यस्तै अर्थहुनाले उपक्रम (प्रारंभ) को आदित्व बुझियेकोहुनाले उपक्रम शब्दान्त भयेको कोपक्रम शब्द नपुंसक लिङ्गी भयो ॥ त्यस्तै–"नन्दो पक्रमं द्रोणः " " नन्दराजा देखि प्रारम्भ भयेको द्रोण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावे नणकचिड्ढयोऽन्ये समूहे भावकर्मणोः ॥
अदन्तप्रत्ययाः पुण्यसुदिनाभ्यां त्वहः परः ॥२९॥

(परिमाण विशेष) " इत्यादि जान्नु ॥ कन्थाशब्द अन्त्यमाहुने, उशीनरदेशवासि लाइ कहने शब्द पूर्वमा हुने, षष्ठीतत्पुरुष समास पनि नपुंसकलिङ्गमा रहन्छ। जस्तै–"सौशमीनाम्–कन्था" भन्दामा समास भयेर " सौशमिकन्थम् " यस्तो नपुंसकलिङ्गी रूप भयो, ज्याहा सौशमि (उशीनरदेशवासी) को कन्था (थाङ्नु) यस्तो अर्थहो ॥ २८ ॥ न, ण, क, चित् (चकारको इत्संज्ञा हुने), इ ४ प्रत्यय बाहेक, भाव अर्थमा जति अकारान्त प्रत्यय हुन्छन्, ती प्रत्यय अन्त्यमा हुनेशब्द पनि नपुंसकलिङ्गी हुन्छन्। जस्तै–" भवितव्यम्, भवनीयम्, ब्रह्मभूयम्, इत्यादि" ॥ न–प्रत्यय अन्त्यमा हुने यत्न शब्द, ण–अन्त्यमाहुने, न्याद शब्द, क–अन्त्यमा हुने आखूत्थ शब्द, चित, (अच्) प्रत्यय–अन्त्यमा हुने चयशब्द, इत्यादि शब्दता पुंलिङ्गी हुन्छन् ॥ समूह, भाव, कर्म, इ ३ अर्थमा भयेका अकारान्त ताद्धितप्रत्यय अन्त्यमा हुने शब्द पनि नपुंसकलिङ्गी हुन्छन्। जस्तै–" भिक्षाणां समूहः " भन्दामा " भिक्षादिभ्योऽण् " भन्ने सूत्रले समूह अर्थमा अण् भयेको हुनाले " भैक्षम् " यस्तो नपुंसकलिङ्गी रूपभयो ॥ " गोर्भावः " भन्दामा " तस्य भावस्त्वतलौ " भन्ने सूत्रले भावमा त्वप्रत्यय भयेको हुनाले गोत्व शब्द नपुंसकलिङ्गी भयो॥ " राज्ञः कर्म " भन्दामा " राजाऽसे " भन्ने वार्तिकले कर्ममा यक् प्रत्यय भयेको हुनाले राज्य शब्द नपुंसकलिङ्गी भयो, इत्यादि ॥ पुण्य, सुदिन, इ २ शब्ददेखि पररहेको टच् प्रत्यय अन्त्यमा हुने अहन्शब्द पनि नपुंसकलिङ्गी हुन्छ॥ जस्तै–" पुण्याहम्, सुदिना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियाऽव्ययानां भेदकान्येकत्वेऽप्युक्थतोटके ॥
चोचं पिच्छं गृहस्थूणं तिरीटं मर्मयोजने ॥३०॥
राजसूयं वाजपेयं गद्यपद्ये कृतौ कवेः ॥
माणिक्यभाष्यसिन्दूरचीरचीवरपिञ्जरम् ॥ ३१ ॥

हम्" जाहा–" पुण्यं च तत्–अहः, सुदिनं च तत्–अहः " यस्तो विग्रह गरेर कर्मधारय समास गरेपछि " राजाहः सखिभ्यष्टच् " भन्ने सूत्रले टच् प्रत्यय भयेको हुनाले इ २ शब्द नपुंसकलिङ्गी भये ॥ २९ ॥ क्रियाविशेषण र, अव्ययका विशेषण पनि नपुंसकलिङ्गमा रहि एकवचनान्तमात्र हुन्छन् । जस्तै–" मृदु पचति " जाहा मृदुशब्द पाक क्रियाको विशेषण हुनाले नपुंसकलिङ्गी भई एकवचनान्त भयो ॥ " प्रातः कमनीयम् " (प्रातः काल, असल) जाहा कमनीयशब्द प्रातर् अव्ययको विशेषण हुनाले नपुंसकलिङ्गी भई एकवचनान्त भयो, इत्यादि॥ अत्रउप्रान्त नपुंसकलिङ्गमा रहेका केही शब्दलेखिन्छन् । जस्तै- उक्थ ३ (सामवेदविशेष) तोटक ३ (१२ अक्षरको पादहुने- छन्दको विशेष) चोच ३ (खायेर बाँकी रहेको फल, तारको फल, केराकोफल,) पिच्छ ३ (मयूरको प्वाँख) गृहस्थूण ३ (घरको थाम्) तिरीट ३ (वेन्हेंकुरो, शिरको गहना) मर्मन् ३ (मर्म (सन्धि) स्थान) योजन ३ (४ कोश) ॥ ३० ॥ राजसूय ३ वाजपेय ३ (२ यज्ञ विशेष) गद्य ३ (गद्य (छन्दको नियम न भयेको दण्डक) पद्य ३ (श्लोक) माणिक्य ३ (माणीक (रत्नविशेष) भाष्य ३ (पदार्थ, भावार्थको व्याख्यान) सिन्दूर ३ (सिंधुर) चीर ३ (वस्त्र) चीवर ३ (रुखका बोक्राको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF.

लोकायतं हरितालं विदलस्थालबाह्लवम् ॥

॥ इति नपुंसकसंग्रहः ॥

पुंनपुंसकयोः शेषोऽर्धर्चपिण्याककण्टकाः ॥३२॥
मोदकस्तण्डकष्टंकः शाटकः कर्पटोऽर्बुदः ॥
पातकोद्योगचरकतमालामलका नडः ॥ ३३ ॥
कुष्ठं मुण्डं शीधु बुस्तं क्ष्वेडितं क्षेमकुट्टिमम् ॥
संगमं शतमानार्मशम्बलाव्ययताण्डवम् ॥ ३४ ॥

वस्त्र) पिञ्जर ३ (पिंजरा)॥३१॥ लोकायत ३ (नास्तिकको शास्त्र) हरिताल ३ (हरिताल) विदल ३ (वंशपात्र (प्याङ्) स्थाल ३ (थाल्) बाह्लव ३ (बहूलु (देशविशेष) मा भयेको केसर प्रभृति वस्तु) ॥ इति नपुंसकलिङ्गसङ्ग्रहः॥ अघि,पुंलिङ्ग,नपुंसकलिङ्ग, स्त्रीलिङ्ग, मा कहे बाहेक, शब्द, विशेष वचनबाधक छैन भने, पुंलिङ्गमार नपुंसकलिङ्गमा रहन्छन् । तिनैशब्द विस्तार पूर्वक लेखिन्छन् । जस्तै—अर्धर्च ५ (ऋचाको आधा) पिण्याक ५ (तिलको पिना) कण्टक ५ (काँढो, क्षुद्रशत्रु, रोमाञ्च,) ॥ ३२ ॥ मोदक ५ (लड्डु) तण्डक ५ (रोगविशेष) टङ्क ५ (ढुङ्गा फोरने हथियार विशेष) शाटक ५ (धोती) कर्पट ५ (वस्त्र) " खर्वट ५ (शहर गाँउ मिसिये को ठाँउँ) " अर्बुद ५ (१० कोटी) पातक ५ (ब्रह्महत्यादि पाप) उद्योग ५ (उद्योग) चरक ५ (चरक मुनिले बनायेको वैद्यशास्त्र) तमाल ५ (तमालवृक्ष) आमलक ५ (अँमलाको फल) नड ५ (नर्कट) ॥ ३३ ॥ कुष्ठ ५ (कुष्ठ-रोग) मुण्ड ५ (टाउको) शीधु ५ (मदिरा) बुस्त ५ (भुटेको माँसु) क्ष्वेडित ५ (वीरको गर्जना) क्षेम ५ (कुशल) कुट्टिम ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कवियं कन्दकार्पासं पारावारं युगंधरम् ॥
यूपं प्रग्रीवपात्रीवे यूषं चमसचिक्कसौ ॥ ३५ ॥
अर्धर्चादौ घृतादीनां पुंस्त्वाद्यं वैदिकं ध्रुवम् ॥
तन्नोक्तमिह लोकेऽपि तच्चेदस्त्यस्तु शेषवत् ॥३६॥

॥ इति पुंनपुंसकशेषः ॥

स्त्रीपुंसयोरपत्यान्ता द्विचतुःषट्पदोरगाः ॥

(ढुङ्गाप्रभृति छापेको ठाँउ) सङ्गम ६ (सङ्गम) शतमान ६ परिमाण विशेष) अर्म ६ (नेत्रको रोग) शंवल ६ (बाटामा खाने साँमल) अव्यय ६ (स्वर् अन्तर्, आदि गरेका अव्यय) ताण्डव ६ (नाँच) ॥ ३४ ॥ कविय ६ (लगाम) कन्द ६ (कमल प्रभृतिको जरो) कार्पास ६ (कपास) पारावार ६ (वारपार) युगन्धर ६ (रथको जुवा अड्याउने ठाँउ) यूप ६ (यज्ञको किलो) प्रग्रीव ६ (आँखिझ्याल) पात्रीव ६ (यज्ञ-पात्र विशेष) यूष ६ (माँड) चमस ६ चिक्कस ६ (यज्ञपात्र विशेष) ॥ ३५ ॥ अर्धर्च, इत्यादि शब्दको " अर्धर्चाः पुंसि च" भन्ने सूत्रले पुंलिङ्गर नपुंसकलिङ्ग, विधान गर्दछ, तस् अर्धर्चा-दिगणमा घृत आदिगरेका कोही २ शब्दको वेदमा मात्र २ लिङ्ग देखिन्छन् । अन्यत्र नपुंसकलिङ्ग देखिन्छ। तसर्थ लौकिक लिङ्ग को व्यवस्था गर्नु परेको हुनाले वैदिकलिङ्ग को व्यवस्था जाहा गरिदैन। घृतादिशब्द को लोकमा २लिङ्ग देखियो भने, "ज्ञेयं शिष्ट-प्रयोगतः" भन्ने वचन(४६ श्लोक) कहिने हुनाले तेसै वचन बमोजीं ती प्रयोग पनि शुद्धहुन् भनि जान्नु ॥ ३६ ॥ इति पुन्नपुंसक-सङ्ग्रहवर्गः ॥ अब उप्रान्त स्त्रीलिङ्ग पुंलिङ्ग, २ मा रहने शब्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातिभेदाःपुमाख्याश्च स्त्रीयोगैःसह मल्लकः ३७॥
ऊर्मिर्वराटकःस्वातिर्वर्णको झाटलिर्मनुः ॥
मूषा सृपाटी कर्कन्धूर्यष्टिःशाटी कटी कुटी ॥३८॥

कहिन्छन्॥अपत्य अर्थमा विधान गरेको अण् आदितद्धितप्रत्ययान्त शब्द स्त्रीलिङ्गमार पुंलिङ्गमा रहन्छन् ॥ जस्तै–" उपगोः अपत्यं पुमान्" भन्दामा उपगुशब्द देखि अण्प्रत्ययभयेर " औपगवः " यस्तो पुंलिङ्गी रूपभयो ॥ " उपगोः अपत्यं स्त्री " यस्तो विग्रहगरेमा पनि अण् प्रत्यय भयेर " औपगवी " यस्तो स्त्री लिङ्गीरूपभयो ॥ अर्थात पुरुष अपत्य छ भने पुंलिङ्गमा, स्त्री अपत्य छ भने स्त्रीलिङ्ग मा रहन्छन् ॥ द्विपद (२ खुट्टे), चतुष्पद (चार ४ खुट्टे), षट्पद (छ ६ खुट्टे), सर्प, इ ४ लाइ कहने शब्द पनि पुरुषचाहिने को विवक्षा भये पुलिङ्गमा, स्त्री चाहिनेको विवक्षा भये स्त्रीलिङ्गमा रहन्छन ॥ " जस्तै मानुषः, मानुषी, " यो द्विपदहो । " मृगः, मृगी " यो चतुष्पद हो । " भ्रमरः भ्रमरी " योषट्पदहो ॥ " उरगः, उरगी " योसर्प वाचक हो ॥ ब्राह्मणादि जाति वाचक शब्द पनि पुरुषको विवक्षा भये पुंलिङ्गी, स्त्री को विवक्षा भये, स्त्रीलिङ्गी हुन्छन् ॥ जस्तै–" ब्राह्मणः ब्राह्मणी " इत्यादि ॥ पुरुषवाचक शब्द पनि तेसै पुरुषकी स्त्री भन्ने विवक्षा गरेमा स्त्रीलिङ्गी हुन्छन् । जस्तै " शूद्रस्य स्त्री " भन्दामा " शूद्री " यस्तो स्त्रीलिङ्गी रूपभयो इत्यादि ॥ मल्लक ४ (बेलीं) ॥ ३७ ॥ ऊर्मि ४ (तरङ्ग) वराटक ४ (कौडी) स्वाति ४ (स्वाति नक्षत्र) वर्णक ४ (चन्दन) झाटलि ४ (लोध्रवृक्षविशेष) मनु ४ (मन्त्र) मूषा ४ (मूषा) सुनचाँदी पगाल्ने भाडो) सृपाटी ४ (परिमाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ अथ स्त्रीनपुंसकशेषः ॥

स्त्रीनपुंसकयोर्भावक्रिययोः ष्यञ् क्वचिच्च वुञ् ॥
औचित्यमौचिती मैत्री मैत्र्यं वुञ् प्रागुदाहृतः ३९॥
षष्ठ्यन्तप्राक्पदाः सेनाछायाशालासुरानिशाः ॥
स्याद्वा नृसेनं श्वनिशं गोशालमितरे च दिक् ॥४०॥

विशेष) कर्कन्धू ४ (वयर) यष्टि ४ (लहुरो) शाटी४ (धोती) कटी ४ (कटी) कुटी ४ (कुटी, झोपडी) ॥ ३८ ॥ इति स्त्री-पुंसशेषसङ्ग्रहवर्गः ॥ अबउप्रान्त स्त्रीलिङ्ग नपुंसकलिङ्ग, २ मा रहने शब्द कहि न्छन् ॥ भाव, र कर्ममा विधान गरेको ष्यञ् प्रत्यय र, भाव र कर्ममा विधान गरेको वुञ् प्रत्यय अन्त्यमा हुने शब्द पनि स्त्री लिङ्गमा र नपुंसकलिङ्गमा रहन्छन् । जस्तै–"उचित स्य भावः, उचितस्य कर्म " भन्दा " गुणवचन ब्राह्मणादिभ्यः कर्मणि च " भन्ने सूत्रले ष्यञ् प्रत्यय गरेर "औचित्यम्" यस्तो पनि हुन्छ । ष्यञ्प्रत्ययान्तदेखि " षिद्गौरादिभ्यश्च " भन्ने सूत्रले ङीष्प्रत्यय भयेर " औचिती " यस्तो स्त्रीलिङ्गी रूपपनि हुन्छ ॥ त्यस्तै–" मित्रस्य भावः, मित्रस्य कर्म " भन्दा " मैत्र्यम्, मैत्री " येस्तारूपजान्नु ॥ भावर कर्ममा भयेका वुञ्प्रत्ययको उदाहरण " आहोपुरुषिका, अहमहमिका " इत्यादि द्वितीय काण्ड मा कहेका शब्दहुन् ॥ ३९ ॥ षष्ठीसमासमा, पर रहेका सेना, छाया, शाला, सुरा, निशा, इ ५ शब्द पनि स्त्रीलिङ्गीर नपुंसकलिङ्गी हुन्छन् । जस्तै–" नृणाम्–सेना, शुनाम्–निशा, गवाम्–शाला " भन्दामा, क्रमैले–" नृसेनम्, नृसेना, श्वनिशम्, श्वनिशा, गोशालम्, गोशाला " एस्ता २ लिङ्गमा रहने रूप भये ॥ त्यस्तै–" वृक्षस्य–छाया, यवानाम्–सुरा " भन्दा मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आबन्नन्तोत्तरपदो द्विगुश्चापुंसि नश्च लुप् ॥
त्रिखट्वं च त्रिखट्वी च त्रितक्षं च त्रितक्ष्यपि ॥४१॥

॥ इति स्त्रीनपुंसकशेषः ॥

त्रिषु पात्री पुटी वाटी पेटी कुवलदाडिमौ ॥

॥ इति त्रिलिङ्गशेषसंग्रहः ॥

परलिङ्गं स्वप्रधाने द्वन्द्वे तत्पुरुषेऽपि तत् ॥४२॥

क्रमैले, " वृक्षच्छायम्, वृक्षच्छाया । यवसुरम्, यवसुरा " इत्यादि रूपबनाउनु ॥ ४० ॥ आप् प्रत्ययान्त र अन् अन्त्यमाहुने, शब्द पर हुने द्विगुसमास पनि स्त्रीलिङ्गी र नपुंसकलिङ्गी हुन्छ, अन् अन्त्यमाहुने शब्द का नकार को लोप पनि हुन्छ ॥ जस्तै— " तिसृणाम्—खट्वानाम्, समाहारः " भन्दा " त्रिखट्वम्, त्रिखट्वी " एस्ता २ लिङ्गमा रहने २ रूपभये । त्यस्तै—" त्रयाणाम्—तक्ष्णाम्, समाहारः " भन्दा " त्रितक्षम्, त्रितक्षी " एस्ता २ रूपभये । जाहा तक्षन् शब्द का नकार को " अनो नलोपश्च वाद्विगुः स्त्रियाम् " भन्ने वार्तिकले लोप पनि भयो ॥ ४१ ॥ ॥ इति स्त्रीनपुंसकसङ्ग्रहः ॥ अत्र उमान्त ३ तिनैलिङ्गमा रहने शब्द कहिन्छन् ॥ पात्री ७ (भाँडो) पुटी ७ (दुनु, खोचो) वाटी ७ (घर, घरनेरको बगैचा,बाटो,घडेरी) पेटी ८ (पेटारी) कुवल ७ (बयरको फल) दाडिम ७ (दारिम) ॥ इति त्रिलिङ्गसङ्ग्रहः ॥ इतरेतरयोग अर्थमा भयेको द्वन्द्वसमासमा र, तत्पुरुष समासमा, परपद (अन्त्यपद) जुन्लिङ्गको छ, समुदाय पनि तेहीलिङ्गमा रहन्छ ॥ जस्तै—" कुक्कुटश्च—मयूरी च " यस्तो स्त्रीलिङ्गी शब्दलाइ पर राखेर द्वन्द्वसमास गरेमा " कुक्कुटमयूर्यौ "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थान्ताः प्राद्यलंप्राप्तापन्नपूर्वाः परोपगाः ॥
तद्धितार्थो द्विगुः संख्यासर्वनामतदन्तकाः ॥४३॥

यस्तो समुदाय स्त्रीलिङ्गी भयो । " मयूरी च कुक्कुटश्च " यस्तो पुंलिङ्गीरूप पराखेर समास गरेता " मयूरीकुक्कुटौ " यस्तो समुदाय पुंलिङ्गी भयो ॥ त्यस्तै " ब्राह्मणस्य–कुलम् " भन्दा षष्ठीतत्पुरुष समासगरेर " ब्राह्मणकुलम् " यस्तो नपुंसकलिङ्गी समुदायहुन्छ । " कुलस्य–ब्राह्मणः" यस्तो विग्रहगरेर समासगरे " कुलब्राह्मणः " यस्तो पुंलिङ्गी समुदाय भयो ॥ ४२ ॥ अर्थ-अन्त्यमा हुने तत्पुरुष समास विशेष्यनिघ्नलिङ्गी हुन्छ ॥ जस्तै–" द्विजार्थः सूपः " (ब्राह्मणका निमित्त दाल) जाहा द्विजार्थ शब्द, सूपशब्द बमोजीं पुंलिङ्गी भयो । " द्विजार्था यवागूः " (ब्राह्मणका निमित्त फाँडो) जाहाँ द्विजार्थ शब्द, यवागूशब्द बमोजीं स्त्रीलिङ्गी भयो । " द्विजार्थम्, पयः " (ब्राह्मणका निमित्त दूध) जाहाद्विजार्थ शब्द पयस् शब्द बमोजीं नपुंसक-लिङ्गमा रह्यो । इत्यादि ॥ प्र,आदिउपसर्ग, अलम्, प्राप्त, आपन्न, इ ४ पूर्वमाहुने तत्पुरुष समास पनि विशेष्यनिघ्नलिङ्गीछ ॥ जस्तै–मालाकन अतिक्रमण गर्ने, भन्ने अर्थमा, अतिक्रान्तः मालाम् " यस्तो विग्रहगरेर " अत्यादयः क्रान्ताद्यर्थे द्वितीयया " भन्ने वार्तिकले समासगरे पछि, मालालाइ अतिक्रमण गर्ने पुरुष हुनाले " अतिमालः " यस्तो पुंलिङ्गीरूप भयो " " अतिक्रान्ता मालाम् " यस्तो विग्रहगरे " अतिमाला " यस्तो स्त्रीलिङ्गी रूपहुन्छ । " अतिक्रान्तं मालाम् " यस्तो विग्रह गरे " अति-मालम् " यस्तो नपुंसकलिङ्गी रूपहुन्छ । इत्यादि प्रादिको उदा-हरण अरु पनि जान्नु ॥ तेस्तै–कुमारीलाइ पर्याप्तछ (पुग्दछ) भन्ने अर्थमा समास गरेर " अलङ्कुमारि " यस्तो भये पछि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुव्रीहिरदिङ्नाम्नामुन्नेयं तदुदाहृतम् ॥

कुमारी लाइ पर्याप्त भये को वस्तु लाइ कहने शब्द जुन् लिङ्ग को छ, तेही व मोजीं रूप हुन्छन् जस्तै–अलंकुमारिः पुरुषः, अलंकुमारिः संपत्, अलंकुमारि धनम् ” इत्यादि ॥ तेस्तै–जीविका कन पाउने भन्ने अर्थमा प्राप्त शब्द र आपन्न शब्द को समास भये पछि “ प्राप्तजीविक, आपन्नजीविक ” शब्द पनि जीविका पाउने लाइ कहने शब्द व मोजीं ३ लिङ्गमा रहने भयो । जस्तै–“ प्राप्तजीविकः, आपन्नजीविकः पुरुषः—प्राप्तजीविका, आपन्नजीविका, स्त्री । प्राप्तजीविकम्, आपन्नजीविकम्, कुलम्, इत्यादि जान्नु ॥ तद्धितार्थमा भयेको द्विगुसमास पनि विशेष्यनिघ्नलिङ्गी हुन्छ । जस्तै–“ पञ्चसु कपालेषु संस्कृतः ” भन्ने अर्थमा “तद्धितार्थोत्तरपदसमाहारे च” भन्ने सूत्रले तद्धितार्थमा (जुन् अर्थमा तद्धितप्रत्यय (अण्) हुन्छ तेही अर्थमा) समास भयेर “ संस्कृतं भक्षाः ” भन्ने सूत्रले सँस्कार गरियेको भन्ने अर्थमा अण् प्रत्यय भयेर “ द्विगोर्लुगनपत्ये ” भन्ने सूत्रले अण् को लुक् (लोप) गरि “ पञ्चकपाल ” योरूप सिद्धभयेकोहो । ञाहा ५ कपाल (हवि सँस्कार गर्ने पात्र) मा सँस्कार गरे को वस्तु लाइ कहने शब्द वमोजीं पञ्चकपाल शब्द ३ लिङ्गमा रहन्छ । जस्तै—पञ्चकपालः पुरोडाशः । पञ्चकपालम्, हविः । पञ्चकपाला आमिक्षा । इत्यादि ॥ संख्यावाचक शब्द, सर्व विश्व इत्यादि सर्वनामसंज्ञक शब्द, संख्यावाचक अन्त्यमा हुने शब्द, सर्वादि अन्त्यमा हुनेशब्द, इ४तरहका शब्दपनि विशेष्यनिघ्नलिङ्गीहुन्छन् । जस्तै–क्रमैले–एकः पुरुषः । एका स्त्री । एक फलम् ॥ इत्यादि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणद्रव्यक्रियायोगोपाधिभिः परगामिनः ॥ ४४ ॥
कृतः कर्तर्यसंज्ञायां कृत्याः कर्तरि कर्मणि ।

सर्वः जनः । सर्वा जनता । सर्वं जगत् ॥ इत्यादि ॥ ऊनत्रयः । ऊनत्रया । ऊनत्रयम् । (तिन् ३ लेकम्) यो अर्थहो ॥ इत्यादि ॥ अतिसर्वः । अतिसर्वा । अति सर्वम् । (सबैलाइ अति क्रमणगर्ने) इत्यादि ॥ ४३ ॥ दिग्वाचक (दिशालाइ कहने) शब्द बाहेक शब्दको बहुव्रीहि समास विशेष्यनिघ्नलिङ्गीहुन्छ ॥ जस्तै– धेरैछ धन जस्का भन्ने अर्थमा " बहु धनं यस्य (यस्याः, यस्य,) " यस्तो विग्रह गरेर समास भयेपछि बहुधनशब्द धेरै धनहुने लाइ कहने शब्दसमोर्जी ३ तिनै लिङ्गमा रहने भयो। जस्तै–" बहुधनः पुरुषः । बहुधना स्त्री । बहुधनम् कुलम् । इत्यादि ॥ गुणवान्, द्रव्यवान्, क्रियावान्, लाइ कहने शब्द पनि विशेष्यनिघ्नलिङ्गी हुन्छन् ॥ जस्तै–क्रमैले–शुक्लः पटः, शुक्ला शाटी, शुक्लं वस्त्रम्, इत्यादि गुणवान् लाइ कहने अरु शब्द जान्नु ॥ दण्डी पुरुषः, दण्डिनी स्त्री, दण्डि कुलम्, इत्यादि द्रव्यवान् लाइ कहने अरु शब्द जान्नु ॥ पाचकः पुरुषः, पाचिका स्त्री, पाचकं कुलम्, इत्यादि क्रियावान् लाइ कहने शब्द जान्नु ॥ ४४ ॥ कर्ता अर्थमा विधान गारियेका ण्वुल्, तृच् आदिगरेका कृत्प्रत्यय अन्त्यमाहुने शब्द, संज्ञा बुझिदैन भने विशेष्यनिघ्न लिङ्गी हुन्छन् । जस्तै–" करोतीति, कारकः पुरुषः, कारिका, स्त्री, कारकं कुलम् । कर्ता पुरुषः, कर्त्री स्त्री, कर्तृ कुलम्, इत्यादि ॥ संज्ञा बुझिन्छ भनेता कर्ता मा विधान भयेको कृत्प्रत्यय पनि विशेष्यनिघ्नलिङ्गी हुदैन, किन्तु नियतलिङ्गहुन्छ । जस्तै- धनञ्जयः, । जाहा धन जित्ने सबैलाइ धनञ्जय भन्दैनन्, तसर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अणाद्यन्तास्तेन रक्ताद्यर्थे नानार्थभेदकाः ॥ ४५ ॥
षट्संज्ञकास्त्रिषु समा युष्मदस्मत्तिङव्ययम् ।

धनञ्जय शब्द अग्निलाइ अथवा अर्जुन लाइ कहने हुनाले पुंलिङ्गी मात्रभयो, इत्यादि ॥ कर्ता अर्थमा, र कर्म अर्थमा विधान गरेका, तव्यत्, तव्य, अनीयर् आदि गरेका कृत्य प्रत्यय अन्त्यमा हुने शब्दपनि विशेष्यनिघ्नलिङ्गी हुन्छन् । जस्तै–भव्यः पुरुषः । भव्या स्त्री । भव्यम्, कुलम् । इत्यादि ॥ याहाँ कर्तामा यत्प्रत्यय भयेको हो ॥ तेस्तै–" छेत्तव्यः, छेदनीयः वृक्षः । छेत्तव्या, छेदनीया अरण्यानी । छेत्तव्यम्, छेदनीयम् वनम् इत्यादि । याहाँ कर्ममा तव्य र अनीयर् प्रत्यय भयेको हो ॥ तेन रक्तम् इत्यादि अर्थमा " तेन रक्तं रागात् " इत्यादि सूत्रले विधान गरेका अण् आदि प्रत्यय अन्त्यमाहुने शब्द पनि विशेष्यवाचक शब्द बमोजीम ३ तिनै लिङ्गमा रहन्छन् । जस्तै–" कुङ्कुमेन रक्तं (रक्तः, रक्ता) " यस्तो विग्रह गरेर अण् प्रत्यय भयेर सिद्ध भयेको " कौङ्कुम " शब्द, कुङ्कुमले रङायेको वस्तुलाइ कहने शब्द जुन्लिङ्गको हुन्छ तेही लिङ्गमा रहने हुनाले, " कौङ्कुमः पटः । कौङ्कुमी शाटी । कौङ्कुमम्, वस्त्रम् । एस्तारूपभये । त्यस्तै–लाक्षया रक्तम् (रक्तः रक्ता) भन्दामा ठक् प्रत्यय गरेर–" लाक्षिकम् वस्त्रम् । लाक्षिकः पटः । लाक्षिकी शाटी । इत्यादि जान्नु ॥ ४५ ॥ षट्संज्ञक शब्द (षकारान्त, नकारान्त, संख्यावाचकशब्द र, डतिप्रत्ययान्त शब्द) । युष्मद् शब्द, अस्मद् शब्द, तिङन्त, अव्यय,इन्को ३ तिनै लिङ्गमा रूप येकै चाल्का हुन्छन् । विशेष्य हेरे र इन्को लिङ्ग छुट्याउनु ॥ जस्तै–क्रमैले–" पञ्च पुरुषाः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परं विरोधे शेषं तु ज्ञेयं शिष्टप्रयोगतः ॥ ४६ ॥

॥ इति लिङ्गादिसंग्रहवर्गः ॥

पञ्च स्त्रियः । पञ्च फलानि । इत्यादि । जाहा षट्संज्ञक भयेको पञ्चन् शब्द पुरुषको विशेषण हुदा पुंलिङ्गी, स्त्रीको विशेषण हुदा स्त्रीलिङ्गी, फलको विशेषण हुदा नपुंसकलिङ्गी भयो । त्यस्तै अन्यत्र पनि घटाउनु ॥ त्वं पुरुषः । त्वं स्त्री । त्वं कुलम् । जाहा युष्मद्शब्द ३ लिङ्गी भयो । अहं पुरुषः । अहं स्त्री । अहं कुलम् । जाहा अस्मद् शब्द ३ लिङ्गी भयो । पुरुषः पचति । स्त्रीपचति । कुलं पचति । जाहा तिङन्त ३ लिङ्गी भयो । उच्चैः प्रासादः । उच्चैः शाला । उच्चैः गृहम् । जाहा अव्यय ३ लिङ्गी भयो ॥ इत्यादि अरुपनि विचारगर्नु ॥ जाँहा लिङ्ग को विधान गर्ने वचन मा परस्पर विरोध आउ छ, त्याहा पल्लो (पछील्लो) वचनमान्नु । जस्तै–" कषणभमरोपान्ताः " भन्ने वचन (१४ श्लोक) मानेर षकारान्त हुनाले मानुषशब्द पुंलिङ्गमा मात्र रहनुपर्ने हो, त्यस्तै–" द्विचतुःषट्पदोरगाः " भन्ने (३७ श्लोक) वचन ले द्विपद हुनाले मानुषशब्द, स्त्रीलिङ्ग र पुंलिङ्ग २ मा रहनुपर्नेहो, कुन्वचनमान्नु भन्ने शंका पऱ्यो भने पछिल्लो वचन (३७ श्लोक) मानि, मानुष शब्द २ लिङ्गमा रहेछ भनि निर्णय गर्नुइत्यादि ॥ जाहा न कहेका शब्द जाहा न कहेकालिङ्ग, कँही प्रामाणिक विद्वान् का प्रयोगमा देखिये भने सब शुद्धहुन् । अमरकोश मा भनेको छैन भने र झगरानगर्नु, असङ्ख्य शब्द को निर्णय १००० मुखहुने शेषनागले भने गर्न सक्नन्, अमरकोश जस्ता संक्षिप्त ग्रन्थ को पत्ता लाग्दैन, । अमरकोश ले पनि केही चाट्तो रहेनछ, किन अमरकोश घोकौं, भन्ने दुर्मति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यमरसिंहकृतौ नामलिङ्गानुशासने ॥
सामान्यकाण्डस्तृतीयःसाङ्ग एव समर्थितः ॥ १ ॥
इत्यमरकोशे तृतीयं काण्डं संपूर्णम् ॥
॥ समाप्तश्चायममरकोशः ॥

पनि न गर्नु, लोकमा ज्यादा प्रचार भयेका शब्द येस्मा छन्, अप्रसिद्ध शब्द न भये र, प्रसिद्ध शब्द भयेका यस्ता ग्रन्थलाइ आदर न गर्नुपनि बुद्धिमान् को काम होइन ॥ ४८ ॥

॥ इति लिङ्गादिसङ्ग्रहवर्गः ॥

पण्डितवर अमरसिंहले रचना गरेको नाम र लिङ्गका शिक्षागर्ने येस अमरकोशमा सामान्य सव छ्यास् मिस् भयेको वस्तुका नाम भयेको यो तृतीयकाण्ड साङ्गोपाङ्ग समाप्तभयो ॥१॥

॥ समाप्तमिदं काण्डम् ॥

॥ समाप्तश्चायममरकोशः ॥

॥ श्रीरस्तु ॥

॥ शम् ॥

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपन्यास तरङ्गिणी

मासिक पत्रिका

महाशय हरु मा अब यो पनि विदीत होस्की; हाम्रा येस् कारखाना बाट 'उपन्यास् तरङ्गिणी' नामा कोई मासिक पत्र पनी प्रकाश हुन लागी रहेछ, जसमा नाना रकम् का कौतूहलवर्धक आश्चर्य जनक अनेकानेक विश्मय दायक रहस्य ले भरीपूर्ण भयाका मनोहर मनोहर हेर्न लायक्का किस्सा कहानि हरु छापीई प्रकाश हुन्छन्, यो उपन्यास् हेर्नाले राजा बादशाह शहन्साह हरु को पनि हाल थाहा हुन्छ बुद्धीर र चातुर्य बढदछ देश देश को अहार व्यबहार थाह पाइन्छ, बहूत के यदी तपाञी हरु का घर तर्फ कोहि कदरदान् महाशय हरुले मासिकपत्रको वार्षिक मूल्य दुई रुपञ्या हाम्रा आपीस मा पठाई यो मासिकपत्र नजर गर्न्या महाशय कहां गै सोधनु भया तपाञी हरु मा येस्को तारिफ गर्नान् ता, आफै जाहेर होई जाला की येस्तो रहेछ, येस् देखि वाहिक येस् माशिक पत्र मा छपाई कागत इत्यादी को पनि वहूत ध्यान दीई भर शक राम्रो गराउन्या कोशिश गरेकोछ ता पनि वार्षिक मूल्य कं. रु. २) पठाई दीया पछी ग्राहक हरुले टीकट षर्च डाक महसूल इत्यादी केहि दीनु न पर्ने अर्थात् सालभर को कं. रु. २) मात्र दीनाले प्रतिमास् बराबर ग्राहक हरुका सेवामा उपस्थित हुन्या तजवीज गरेकाछौ, येस्को आकार डीमाई १२ पेजी ५ फर्मा को छ औ, येस्को टाइटेल पनि वहूत उम्दा कागत मा उम्दा छपाई सग छापेको हुन्छ। बहुत के–

पता–पं० ढुण्डिराज ऋषीकेश उपाध्याय

नेपाली पुस्तकालय बनारस सिटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली भाषाका पुस्तक.

महाभारत शल्यपर्व श्लोकबद्ध तस्वीरदार पक्का जिल्द दां कं. रु. १।)
पुरुषार्थकल्पवल्लि दां ।)
बोक्सीचरित्र, येसमा अरु २ किस्साछन् दां ।)
गुहसेनोद्वाह कथा दां ≡)
करुणातरङ्गिणी श्लोक बद्ध भाषा दां कं. रु. ।=)
महेन्द्रप्रभा उपन्यास प्रथमभाग दां ॥)
येही अमरकोश तीनै काण्ड भाषा टीका दां कं. रु. ८)

जाहा लेखिये का बाहेक हर्येक किसिम् का पुस्तक हरु येसपुस्तकालय द्वारा मगाइ सक्नु हुन्छ ॥

कर्णशूल

कान्को अपूर्व औषधि दां १ सिसि को कं. रु. ।=)

दद्रुनाशक वटि

येस् ले कस्तै पुरानु दाद (दिनाइ) पनि ७ दीं मा आरां हुन्छ, भये न भने दां वापस् गरी दीउँला, १ डीब्रियाको दां कं रु. ।)

पता—पं० ढुण्डिराज ऋषीकेश उपाध्याय
नेपाली पुस्तकालय बनारस सिटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथामरकोशस्य तृतीयकाण्डस्थ

अभिधास्यमानभाषाशब्दानामनुक्रमः ॥

अ

अकामानुमति (मन्त्रपरिक्षन-सल्लाहा दिनु) ४५८
अग्नि, चन्द्रमा, सूर्य, ३, ४४७
अग्नि, असारमहिना, मन्त्रि, चित्तशुद्ध हुने, सेता-वर्णहुने, सेतोवर्ण, ६, ३८६
अग्ला ४६१
अघिल्तिर ४५६
अघिल्तिर, अधिक (धेरै) माथी, ३, ४२९
अङ्गिकार (कबोल) ४५८
अङ्गिकार (होभन्न) ४६०
अङ्ग (आङ्, शरिर) रूप-असल् हुने, २, ३४०
अङ्गिकार (कबोल)-गरियेका ३६४
अङ्कुर (टुसो) वीणा-कोनाल, मूगा, ३, ४३७
अङ्गहिन् (खूनी) भयेकी-स्त्री, नटी (नाच्ने स्त्री) वेश्या, सौरि, विर्हि, क्रूर्-(निर्दय) अधम, (खराब्)-थोरै, ८, ४२८
अघानु ३७५
अजान ३५१
अत्यन्त प्रेमगर्ने स्त्री सामान्य स्त्री, २, ३९९
अत्यन्त धनी ३९०
अत्यन्त प्रसिद्ध हुनु ३७३
अति हिंसागर्ने ३४३
अतिरिसहा ३५४
अतिलामु ३६५
अतिझोचा ३६५
अतिउफ्रने ३४४
अतिलोभी ३४२
अतिअसल ३५१
अतिक्रमण (नटेर्नु) ३७४
अतिअसल, जेठो. जेठमहिना, ३, ३९०
अति सल, अतिधेरै, २, ४४६
अतिचाँडा ३६४
अतिअसल ३६५
अतिसिङ्गार पटार गर्ने ३४४
अतिठुला ३६४
अतिधेरै ३६५
अतिवृद्ध भयेको, उज्या-लो, २, ३६५
अतिसानु, कनीका, २, ३९२
अतिप्यारा ३६४
अतिठुलो, अतिअसल, २, ४७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिवुढो, अतिअसल, २, ४४६
अतिवढेका ३४४
अतिठुला ३६५
अतिमोटा ३६४
अतिलाज्मान्ने ३४३
अतिपूज्य ३६५
अथर्व (वेदविशेष) का समूह ३७७
अदर्शन् (अस्ताउनु) ४६१
अण्ड (फूल) बाट पैदाहुनेप्राणी. (पक्षि, सर्प, माछोप्रभृति) ३४९
अधृष्ट (धिटो नभयेको) ३४३
अन्ध, कान्नसुन्नेलाटो, २. ३८३
अन्तरध्यान् हुनु, तेर्सो, २, ४५३
अनाकुल (व्याकुल नभयेका) एकचित्त (एकसुर) २, ४३२
अनुकरण (अर्काले जसो गर्छ उसैगर्नु) ३७०
अनुग्रह ३६९
अनेक तरहका वस्तु ३५७
अनेक तरहका वस्तु ३६०
अन्वाचय, समाहार, इतरेतरयोग, समुच्चय, ४, ४४९
अपकारगरियेका ३४७
अपकार ३६८
अपराध (कसूर) पाप, २, ४४२
अप्रिय, झुटो, २, ३८०
अवधारण (निश्चय) ४६०
अवर (ओंढों) ४६०
अविनीत (ठाडो) ३४२
अवसर (औसर, मौका) ३७२
अभाव (नहुनु) ४५७
असुख्य (मुख्यनभयेका) ३५१
अमृत, पानि, २, ४००
अर्कादिन ४६३
अर्कोचाँहिने, नीच, २, ४३३
अलग् (बाहेक्) ४५४
अलिकति ४५६
अर्का को भलो देखिनसक्नु, अर्का को भलो देखिनसक्ने, कृपण (खोटा) ३, ४२६
अवकास (ठाँउँ) अवधि (भाका) लाउँन लाइ योग्य वस्त्र प्रभृती, छेकिनु, अन्तर (फरक) निमित्त, छिद्र, आपस्त, बाहेक, बाहिर, अवसर (मौका) माझ, आत्मा; तुल्य, १४, ४३०
अलिकती, अभिव्यक्ति, (केहि वस्तु देखि) मर्यादा (केहि वस्तु संम) आङ् उपसर्गलाँउँदा धातुको जुन् अर्थ हुन्छ तेहि अर्थ, ४, ४४७
असल ४५५
असाकल्य (अलिकति, क्यहि) ४५४
असल बोल्ने ३४५
अहँमत्यैं लाग्ने ३४७
अह्रायेको मान्से ३४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आलिङ्गन् (अङ्कमाल) ३७४
आफ्नै पेटमात्र पाल्ने ३४२
आनुकुल्य (अनुकूलपार्नु) ४५४
आनन्द ४५७
आसिर्वाद, कुशल, पुण्य, पाप, ४, ४४९
आशय (मन्सुवा) ३७१
आत्मा, मनुष्य, २, ४४१
आश्रय ३६८
आकाश, स्वर्ग, २, ३७८
आततार्ई ३४७
आश्रालिनु ३६९
आकार (अभिप्राय थमोजींका चेष्टा) ३६९
आश्चर्य ४५६
आसा गर्नै ३४३
आश्चर्य मान्ने ३४३
आपत्ति पर्नै ३४७
आधा, खराब्, २, ४५७
आसङ्ग (लाग्ना) ३६६
आलिङ्गन, कुशलप्रश्न-प्रभृती ले कसैलाइ आनन्द-गराउनु, २, ३६७
आश्चर्य, खेद, २, ४५३
आज्ञा, हपार्नु, यज्ञ, ३, ४३७
आकाश, श्रावणमहीना, २, ४४५
आसिक (भलोहोस् भनि-इच्छा गर्नु) सर्पका दाँत, २, ४४४
आफ्नु, नित्य, (कहिल्यै पनि नासनहुँने) २, ३८८
आज को दीन् ४६३
आर्का दिन् ४६३

इ

इन्द्र, गोकुल्धुप्, लाटो-कोस्यारो, सर्पसमात्ने-(मदारी) ४, ३८०
इन्द्रिय, नदीकावेग २, ४४५
इन्द्रिय, आकास, २, ३८३
इन्द्रिय, पासा, परिणाम विशेष, (१६ मासा) पाङ्रो, व्यवहार (आंदानी खर्चको-विचार,), वरों (वृक्ष-विशेष). ५, ४४२
इच्छा ३६७
इष्ट (मन्परे को) सानु, २, ३८६

उ

उत्पत्ति, हराउँनु, नाश, ३, ३९०
उपद्रव, पर्देशजानु, २, ३९८
उचाल्नु ३६८
उत्पन्नहुँनु, सुविस्ता सँग-सैन्यहिड्नु, मुल्वाटो, ३, ३९४
उल्टोहुँनु, विस्तार, ठगनु, ३, ३८६
उत्पत्ति, फल, फूल, गर्भ-मोचन् (सुत्केरी हुँनु) ४, ४३७
उत्पत्ती (गर्भवाट-उत्पन्न हुँनु) ३६८
उचाल्नु ३७५
उँचानिचा (तलमाथी) ३५४
उपगु (कोहिमनुष्य विशेष)-का सन्तान् का मूह ३७६
उँधो मुखभये का ३५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उँचो (अग्ला) ३५४
उत्पन्न गर्ने, पहिले जानिने ठाँउँ, २, ४३८
उँधोरहने, तल्लो वोठ, २, ४३२
उत्सव, तेज, २, ४४५
उत्पत्ती, महादेव, २, ४३७
उत्कर्ष (वृद्धि) स्थिति- (मर्यादा), दिशा, कालविशेष- (१८ निमेष), ४, ३९०
उत्तर दिशा, उत्तरदेश, पछिआउने वखत्, ३, ४६४
उपमा (वरोवरी) तर्कना, २, ४५१
उत्पत्ति, प्राप्ती, २, ३९८
उँधोलैजाँनु ३६८
उँधोलैजानु, पछार्नु, २, ३७३
उदाहरण (दृष्टान्त), शास्त्र, २, ३९६
उपताप (रोग) र, संताप, २, ३६९
उन्मत्त हुँने ३४२
उँधोमुख गर्ने ३४५
ऊनिवस्त्र काट्ने किरो, विच्छि, २, ३७९
उपभोग (भोग) ३७१
उत्कर्ष (धेरै वढ्ताहुँनु) ३६८
उक्केल्नु ३७५
उज्यालो, सेतो, २, ४३३

ए

एकै फेर ४६४
एल्का ३५७
एकाग्र (एकचित्तगर्ने) ३५६
एकान्त, नजीक, २, ४२९
एकान्त, प्रकाश, (स्पष्ट) २, ४४०

क

कटि, स्त्री, २, ४२८
कल्याणले युक्त भयेका ३४९
करुवा, असिना, २, ३७९
कहियेका ३६४
कल्याण, अशुभ, शुभ, ३, ३८९
कमल, गिनेरी (औषधीविशेष), २, ३९४
कवच, उपाय, ध्यान, सङ्गम, युक्ति, ५, ३८४
कन्या लाइ सिङारेर सत्कार पुर्वक कन्यादानगर्ने ३४०
कताजाँउँ भनि डरले आतिये का ३४७
करण (कारणको सहाय)- खेत, शरिर, इन्द्रिय, ४, ३९४
कर (पोता), पूजाको सामाग्रि, कफ, वात, पित्त, रसआदी (अन्नको पाकभयेको- रस, रगत, मासु, वोसो, हाड़, गिदि, शुक्र, ई ७) महाभूत (पृथिवी, जल, तेज, वायु, आकास, ई ५) गुण इनैमारहने, (रस, गन्ध, रूप, प्रभृती) इन्द्रिय, पत्थरको विकार (गेरु, हरिताल प्रभृती), धातु (भूसत्तायां इत्यादी- व्याकर्णमा प्रसिद्ध धातु)७, ३९७
कर्नाल्, दमात्रा, २, ३७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म (काम) ३६५
क्षय (नास) ३६७
कानको गहना, मुकुट, २, ४८३
क्वाथ (साफ सँग पकाये-का काढा प्रभृती) ३६०
कारण, प्रकार, (तरह)- प्रकाश प्रकर्ष (आधिक्य)- एवमर्थ (एस्ता तरहले)- समाप्ती, ५, ४५०
कात्स्न्र्य (सबै) अवधारण- (निश्चय) २, ४२८
कामी (स्त्री ज्यादा खोज्ने) ३४२
कत्तिनासनहुने वस्तु ३६२
काम्यदान (स्वर्ग, पुत्र, धन, प्रभृती काइच्छाले-गरे को दान) ३६६
काग, माछाखाने पक्षी, २, ४४१
काकाकुल, मृग, चित्रवर्ण, ३, ३८५
काग, हाथीको गण्ड-स्थल, २, ३८८
काफल, सेतोखयर, २, ३७९
कारिगर, सारथी, २, ३९६
काटना ३६७
काँढो प्रभृती लाई युक्ति-सँग झिकनु ३७०
काठिन्य (साह्रोहुँनु), शरिर, २, ३९७
कांमा सुरिने ३४१
कांगरि रहने ३४१
कांदारी ३४१
काग, परिणाम विशेष- (१६ माथी), २, ३९३
कारिगर, बृहस्पति सबना-मगरे को यज्ञगर्ने,श्रेष्ठ, ३, ३९६
कानको गहना, सूँढको टुप्पो, अँडँला, कमलगट्टा, ४, ३८१
काकाकुल, देवता, २, ४४३
कारण, चिन्ह, २, ४००
कात्स्न्र्य (सबै) नगीचू , २, ४४३
काँन ३४३
काख, चिन्ह, अङ्क (१, २,- प्रभृती,) ३, ३७८
कान्ति, किरण, ज्वाला, ३, ३८३
किलाले व्याप्त भयेको खाल्डो, भुसको आगो, २, ४३६
किरण, ज्वाला, टुपी, ३, ३८३
कुखुरो जस्तो पक्षि-विशेष, पक्षी, २, ३९५
कुटुम्ब, (स्वास्त्रि, छोरा-छोरि) पाल्न लाग्ने ३४०
क्षुद्र (अतिसानु) ३६४
के भन्नु पर्दछ भन्नु, ४६२
क्लेश (दुःख) ३७४
केहि कारण नभै कन येक-तमासको भै रहनु ३६६
केहिसारनभयेका वस्तु ३५१
केहि कां मा लाग्ने (तत्पर) ३३९
केहि काम् गर्न सहजै सक्ने ३४१
केशर, हिङ्, २. ३८०
के अह्राउँछन् भनि मालि-क को मुख् हेरने सेवक् र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केहि काम गर्न सक्ने, २, ३८२
केहि कार्यमा ठूलोउद्योगगर्नु ३७३
केहि कार्य (गर्नथालेको-
कां) देखि हट्नु ३७५
केशर, कस्तुरि, चन्दन-
प्रभृती लाउँनु ३७३
कोमल (कमलो, मुलायं) ३५५
कोसेली, मासु, ३, ४४२
क्रोधले बोल्नु ४६१
कोडाले चुट्न लायेक ३४७
कोण (कुनु) काख, चिन्ह,
पङ्क्ति, (लस्कर, लहर) ४, ४३४
कोपिलो, तरवार प्रभृती-
को दाव, धन को समूह,-
दिव्य (निहापस्नु)४, ४४१
कृत्तिका नक्षत्र, गाई,-
अग्नि, कालो, ४, ४३५
कृपणी (छुद्रि) ३४८

ख

खसेका (गिरेका) ३६३
खस्ने ३४३
खरानी, सम्पत्ती, २, ३९८
खल्को हाल्ने ३४१
खराव ४५१
खलाको समूह ३७७
खाने ३४२
खानिविशेष, खप्पर,-
शङ्ख, ३, ३८३
खाईयेका ३६४
खिस्स (डिच्च) पर्नै ३४७
खुसिहुने ३३९
खुसिभये का ३६३
खेद, दया, संतोष, आश्चर्य,
बोलाउँनु, ५, ४४९
खेत, सहरको ढोका-
(फाटक) २, ३८७
खेद, सोक, पीडा, ३, ४५३
खोलो, समुद्र, २, ३९५
खोजियेका ३६३
खोजना ३७४
खोइरो लागेको कपाल हुने,
शरिर को छाला खराव्-
हुने, महादेव, ३, ३८८

ग

गन्नसकीने ३५२
गानियेका ३५३
गर्गका सन्तान का समूह ३७६
गर्नेनपायेस् भनीगालिदिनु ३७६
गर्व (घमण्ड), रिस, ज्यादा-
इच्छा, उत्सव, ४, ४३८
गरिब ३४९
गलेका ३४७
गलो (घाँटी) कासमूह ३७७
ग्रहण (समात्नु) ३६७
ग्रहण गर्ने (समात्ने) ३४३
गाउँका समुह ३७७
गाउँ, ढाल्, २, ३८२
गाई, पृथिवी, वचन, बुध-
(ग्रह विशेष) कि स्त्री, ४, ३९१
ग्लानी ३६८
गुँझिठा का समूह ३७७
गुँणले प्रसिद्ध हुने ३३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुँथियेका ३५८
गुँथो हार, २, ३५७
गुनियेका ३५८
गुप्त (लुकेका) ३५८
गुफा, दम्भ (अरुलाइ ठग्त-
भनीगरे को धर्म), २, ४२९
गुरु, देशमा हुने वस्तु, २, ३८२
गुह्य (भग, लिङ्ग,)-
विष्ठा. २, ४२५
गोठ, वाटो, समूह, ३, ३८७
गोत्रादिजाती, जन्म, २, ३९८

घ

घट्नु, पूजा, २, ३९७
घटिया, ३५०
घर, आश्रय (आधार), २,४४५
घरको स्तम्भ (थाम),-
फलाम् को प्रतिमा, २, ३९३
घर, शरण (रक्षागर्ने,) २. ३९४
घर, शहर, २, ४२९
घाउलाउने, भलायो, २, ४३२
घात (नास), अस्त्र (फला-
मले बाँधेको १ हात लामु-
अस्त्र विशेष), २, ३८६
घाँस काट्ने हँथीयार-
(हँसिया) ३७५
घिउ, पानी, २, ४००
घिनूर, दया, २. ३७४
घिरौंलो, चिचिण्डो, २, ३७९
घुँजिचा, ३५७
घुर्ने, ३४५
घेरियको, ३५९
घोडाको खुर, वट्टाई, २. ३८०
घोडाको गहना, भाँडा,-
वेपारी को साँउधनू, ३, ३९१
घोडाका किला, हातमा-
बाँधने डोर, २, ४२७
घोडी, आमा, २, ४४४

च

चञ्चल् ३५५
चन्चल् चित्त हुँने, ३४७
चञ्चल, तृष्णा (तिर्सना)-
गर्ने, २, ४३७
चन्द्रमा. आयुष्मान-
(पुरो आयु हुने) २, ३८०
चँवरको डाँठ. सुत्नु, आ-
सन् (वस्नु) ३. ४३०
चर (चलनेमनुष्यादी) ३५५
चर (चीवा) युद्ध, २. ४३९
चाकर, तरवारको दाव्-
सामग्री (सर्जा) ३, ४२५
चाकर वाकरले घेरिनू ३७१
चाक वाट निस्केको-
(हगियेको) ३६१
चाकरी, माग्नु. ज्याला, ३, ४४२
चाँडो, ४५३
चाँडो (गर्ने) ३५७
चाँदी, सून, २, ४००
चारैतिर पुग्नु ३७१
चारैतिर वाट ढाक्का, ३६७
चारैतिर वाट वेह्रियेका ३५८
चारैतिर हिड्ने ३४५
चाल, पितल्, बग्नु, ३, ३९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिउरार, वालक. २, ३६८
चिनि, ढुङ्गो, २. ४३५
चिन्ह. पुरुषको इन्द्रिय. २, ३८५
चिन्ह, वदूनामी, २. ३७८
चिन्हापर्चो ३६२
चोरकाल (धेरैकाल) ४५३
चिराइतो, कत्तृण, (गन्धे)-
कुकुर मुतेझार, ३, ३७९
चिरियेका ३६२
चिसा वस्तु ३६३
चिसो हुँनु २७३
चुपचाप्. सुख. २, ४५१
चुप्चाप लागी रहने, ३४६
चुहुनु ३६८
चेत्. बुद्धि, नाँउँ, सूचना,-
(हात् मेत्र, प्रभृतीले गरे-
को शान) ४, ३८८
चोर्नुकुट्नु प्रभृती (भुतुक्क-
पार्ने) कर्म. मार्नु २. ४३४
चोरियेका, ३९८

छ

छन्दोविशेष (१० अक्षर-
को पाउहुने छन्द) लस्क-
र. १० सङ्ख्या, ३. ३९९
छाडियेका ३६३
छादियेका ३६१
छादेको अन्न, उचालनु, २. ३२४
छालू. पटल (नेत्रको-
रोग विशेष) समूह, ३. ४३५
छ्यास्मिस् (गज्याङ्-
गुजुङ्) ३५४
छालाका समूह ३७७
छिका (छिक्नु) ३७५
छिनियेका (काटियेका) ३६३
छुट्टिनू (वियोग) ३७१
छुल्याहा ३४८
छेकूथुनूनभयेका ३५७
छडना ३६७
छेडियेका ३६२
छेडियेका ३५८

ज

जगत् (लोक) छन्दो वि-
शेष (१० अक्षर को पाउ-
हुने छन्द) पृथिवी, ३. ३९९
जटा, जरो (फेद), वेद-
विकृती (पद, घन, जटा,
को जटा), जटामसी, ४, ३८९
जन (मानीष) का समूह, ३७७
जन्मान्तर (अर्कोजन्म) ४१६
जनाइयेका (विन्ति चढा-
यिये का) ३६१
जस्मागरे का वस्तु ३५९
जरा, वस्त्र, आँखा. ३. ४२८
जल, दुध, २, ४२९
जस्को पाग्यो उस्को-
अन्नखाने ३४२
जस्ता को तस्तो ४५९
जसरि भयेपनी पेट्-
मात्र पाल्ने ३४२
जाँडरीया, खरो स्वभाव-
हुने, निरांगी, ३, ३९०
जाग्नू (व्युँझनु) ३७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्ने (ननिंदा उँने) ३४४
जान्ने ३४४
ज्ञान, जान्ने, २, ४४०
ज्ञान, नेत्र, छेर्नु, ३, ३९०
ज्वाला, कान्ती, २, ४४४
ज्वानू, मयूरको कल्की,-
दियो, ३, ३८०
ज्यालानलिई कां गर्ने ३४१
ज्याला, भोग, २, ४४०
ज्याला दार, ३४१
जितनु ३६९
जिलेवी का समूह ३७६
जीवन वृत्ती, भारती,सात्वती,-
कैसिकी. आरभटि, ई ४ नाच्य
का वृत्ति (चाल) २, ३९९
जीवन वृत्ति, समाचार,तुच्छ,-
(हल्को) निरोगी, ४, ४००
जीविका, गुझिठाको आगो,
कुलो, ३, ४४२
जीर्ण (थोत्रो) हुनु ३६८
झुंमो. स्वच्छन्द; (आफु-
सुखि) २. ४३३
जूवाखेलाउने, वाजी, जू-
वारी, ३. ४२६
जुवामाथापिने वाजी, ज्या-
ला, मोल, धन, १ पैसा, ५, ३९२
जोरिनू ३६८
जोरियेका ३५९
जोरियेका ३५३

झ

झिकियेका ३५९
झुटा ४५९
झगरागर्न लाई हाकदिनु ३६९
झगरा, जोडा, (जोर) २, ४३९

ट

टाढा ३५३
टाढा, नगीच् , २, ४४९
टाढा, पराई. उत्तम, ३, ४३२
टीको, नेत्रको छेउ, २, ३८४
टुकुरा, वोक्रा, २, ३८०
टुना टुनि ३६६

ठ

ठग ३४८
ठगियेका ३४७
ठुलो अन्धकार, घातक-
(हिम्सा गर्ने) २, ४३१
ठुलो इच्छा हुने ३३८
ठुलो उत्साह गर्ने ३३८
ठुलो जङ्गल, अगम्य-
(जानन सकिने) २, ४२६
ठुलोडर, मरुलाभनि डरन-
मानी गरेका काम, २. ४००
ठुला तरङ्ग, उत् कण्ठा, २, ४३२
ठलो तृष्णा (तिर्सना-
दिशा, २, ४००
ठुलो, न्याउरि मुसो, विष्णु,-
कैलो, ४, ४२६
ठुला (फैलियेका) ३५२

ड

डढ्ना ३६८
डढेका ३६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डरछेरुवा ३४३
डर, खाल्डो, २, ४३०
डल्लो, सक्खर, २, ३९१
डाँका प्रभृती उपद्रव ३६९
डाँठ, १ घडिकाल, नारी, ३, ३९१
डुङ्गा, वालक, २, ३९६

ढ

ढाकियेका ३६१
ढाकियेको, मिसियेको, २, ३९५
ढिपि, ग्रहण, सूर्यादीनव ग्रह, ३, ४४६
ढिला ३४१
ढोका, झप्पा (कपालमा लाउँने माला) काढाको झोल्, खुटि (भित्तामा गाडेको किलो) ४, ४४६
ढोग्दिने ३४३

त

तक्षकनाग, कर्मी, २, ३७८
तत्काल (तेसैवेला) ४५७
तत्पर, व्याकुल, २, ४३२
तत्व (साँचो) ४५८
तपस्या (कृच्छ्र चान्द्रायण, प्रभृति), माघमहीना, २, ४४५
तर्कना ४६२
तर्कना, निश्चय, २, ४५१
तर्कना, प्रश्न, २, ४५१
तल्लो, उत्तरतर्फ को वाहेक्, खराव, श्रेष्ठ, ४, ४३२
तल्लोभाग, स्वरूप, २, ४३५
तस्वीर, आश्चर्य, २, ४२८
ताछियेका, ३६२
ताँदो, रूपरसगन्ध आदि गरेका न्याय शास्त्रमा प्रसिद्ध भयेका २४ गुण सत्वरजतमई ३, सुन्याञ्जी प्रभृति गुण, सन्धिविग्रह आदि गरेका (क्षत्रियवर्गका १९ श्लोकमा लेखियेका) ६ गुण, ५, ३९२
तिरस्कार हुने, ३४६
त्रिशूल्, महादेवको धनु, २, ३८१
तुला (जोख्ने भाँडा) को डाँडी, लगाम, २, ४४६
तुल्य (वरावर), इत्थमर्थ (एस्तातरहले), २, ४५१
तेज, वल, २, ४४५
तेज, विष्ठा, २, ४४४
तेर्सो, ४५५
तेस वखत् ४६४
तेर्सो हिंडने ३४५
तृण, लता, २, ४४१
तृप्तपार्नु, ३६६
तृष्णा (तिर्सना), प्यास, २, ३९३

थ

थुक्नु ३७५
थुप्राका, (समुहका) ३७०
थुप्रो, मेष वृषप्रभृती राशि, २, ४३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द

दक्षिणाग्नि, गार्हपत्य. आहवनीय, इतीन् अग्नि,-त्रेतायुग, २, ३९८
दक्षिणादिन योग्य (सत्-पात्र) ३३८
दण्डगर्नु ३६९
दमन गरियेको (खारियेको) र, तपस्या को-कलेस सहने, २, ३६१
दया, घिन्, २, ३९३
दयागर्नै, ३४०
दाज्यूभाई, आत्मा, आफ्नु,-धन, ४, ४३९
दाँत, ब्राह्मण, अण्डज,-(फुलबाट पैदाहुने, पक्षि-माछो, सर्प प्रभृती), ३, ३८७
दान्ति (तपस्यागर्दापरिआये को दुःखसहनु) ३६६
दान ३७३
दानी, ठुलो, २, ४३३
दान, सकिनू, २, ३९८
दाम्भिक (अर्कालाई ढग्न-धर्म गरेझैं गर्ने) र. नगीचै-(.वरिपरि) हेरि रहने, २, ३८१
द्वार (ढोका), पाले, २, ४२५
दाहिने अङ्ग ३५७
दिकहुँनु ३६९
दिग्दार हुने ३३९
दिन ४५५
दिने खाने ३३९
दिर्घसुत्री (जुंसो) ३४१
दुइदीन् ४६३
दुःख, दुर्गम, २, ३९०
दुःख पाउँने ३६१
दूध, पानी, २, ४४५
दुर्गम (जान नसकीने)-बाटोर, त्यस्तै बाटामा-हीँड्नू, २, ३७२
दुष्टहृदयहुने, बाघ-प्रभृतीघातकपशु, सर्प, ३, ४३४
द्यूत (जुवा), पासा, थर्की,-सुन्जाँचनेकसी, ४, ४४२
देउरे अङ्ग ३५७
देखूता देखूतै हरण गर्नु-(लुट्नु) ३७०
देवताको पूजागर्नै ३४५
देवता, माछो, २, ४४१
देवता, वायू २, ३९५
देवतालाई हवीर्दा न गर्दा-भन्नु पर्ने शब्द ४५६
देवता, सूर्य, २, ३९५
देवलेर, मानीस्ले साहूँ-पिरेका, ३४७
दोष को विचार नगरी कांगर्नै, ३४८
दोषमात्रै देख्ने ३४८

ध

धन धान्यका आदर ३७२
धन, प्राण, उद्योग, प्रा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

णी, ४, ४३२
धनूर, सोभाहुने ३४०
धनी ३३९
धनुको टुप्पो, वृद्धि, कुनु-
शंख्या विशेष (करोड) ४, ३८९
धागो बेर्नु (तान्लाउँनु) ३७२
धृष्ट (धीटो) ३४३
धान् प्रभृती लाई शुद्ध-
गर्नु (वत्तायेर कसिङर-
फाल्नु) ३७२
धान्यलाई उँभोछर्कनु, ३७५
धारण गर्नु, धैर्य, २, ३९९
धारणगर्ने, पोस्ने, २, ३९६
धाई, पृथिवी, अँमला, ३. ४२८
धिक्कार पाउँने ३४६
धिक्कार पाउँने ३६०
धुनुपखाल्नु प्रभृतीले प-
वित्र (शुद्ध) गरेका वस्तु ३५१
धूम (धूँवा) कासमूह ३७७
ध्रुव आदि गरेका ८ वसु-
(देवता विशेष), अग्नि-,
किरण, रत्न, धन्, ५, ४४३
ध्रुवतारा, निश्चय, नित्य-
(सँधैरहने), ३, ४३८
धुलाले पोतियेका ३५८
धुलो पारियेका वस्तु ३६०
धेरै ३५२
धेरै ४५३
धेरै दानगर्ने ३३८
धेरै, दुई, २, ४५०
धेरै नजाती वोल्ने, ३४५
धेरै, प्रतीक्षा, २, ३९१
धेरै विर्यहुँने, मूसो, श्रेष्ट-,
पुण्य, साँढे, ५, ४४१
धेरै बोल्ने ३४५
धेरै, मुश्किल्, २, ३९१
धेरै कान्छो, अतीथोरै. २, ४४६
धोतीको छेउ (फुर्को),-
जलधेरै हुँने स्थान, २, ३८७

न

नक्षत्र. उज्यालो, नेत्र, ३, ४४४
नगिच् ३५३
नगीच् ४६२
नगीच् को आश्रय ३७१
नगीच्, दुवैतर्फ, चाँडो,-
साकल्ल्य, (सबै) सन्मु-
ख, ५, ४५२
नगीच्, माझ, २, ४५२
नगीच्मा रहनु ३७२
नजाती (नराँरो) गरि-
बोल्ने ३४६
नजाती वोल्ने स्वभाव हुने ३४६
नजा ३५५
न टेरियेका ३६३
नपुंसक, पराक्रम गर्न न-
सक्ने, २, ४३९
नमस्कार (प्रणाम्) ४६२
नमस्कार (प्रणां) गरियेका, ३६२
नम्रहुने, ३४३
नवाँचेस् भनी गाली गर्नु ३७६
नरहेस् भनीगाली गर्नु ३७६
नाऊँ, गोत्र, २, ४२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाँऊँ, प्रकटहुनु, २, २५२
नाउ (हजां) श्रेष्ठ, गाँउँ-
को मालीक, ३, ३९३
नाङ्गा ३४६
नाचहेर्नु, बुद्धि, २ ४४२
नारदमुनी को बीणा, ठूलो, २, ३९८
नाश, ३७१
नास, वास, पृथिवी, ३, ३९८
नासहुन लागे का ३५९
निकालिये का ३४६
नीती ३६८
नित्य (कहिल्यैनासून हुने) ३५४
नित्य (सँधै रहने) ४६१
निदायेका ३४५
निन्दा ४६२
निन्दा, समूह, प्रश्न, शङ्का,
संभावना (ठान्नु), ४, ४५१
निन्द्रा, तन्द्रा (उँघनु), २, ४२८
निवारण (रोक्नु) ४५८
निर्णय, पक्को, सबै, ३, ४३६
निरन्तर ४५७
निर्मल, भालु, २, ३८७
निरन्तर क्रियार, निरन्तर-
क्रियावान्, २, ३६६
निरन्तर, पहिले, वितेको,
(गये को) नगीच, पछि-
हुने, ५, ४५२
निरन्तर वग्ना ३७०
निल्नु ३६८
निल्नु ३७५
निश्चय ४६०
निषेध, वाक्या लङ्कार-
प्रश्न, फुल्याउनु, ४, ४५२
नोकर चाकर लाई वोला-
येर केहि कांमाल गाउनु, ३७४

प

पक्षि, गरुड. २, ३९५
पक्षान्तर (यसोहो भन्ने) ४५८
पक्षि, वय, (उमेर) २, ४४४
पक्षि, सूर्य, पुतली, ३, ३८३
पक्क (एकतरहको वस्तु-
अर्कै तरह को भयेको) ३६१
पकायेका (दूद, घ्यू, पानी) ३६०
पखेटाको फेद, परेवाति-
थि, २, ३९९
पगरी, मुकुट्, २, ४४१
पछि ३५६
पछिल्लादीन ४६२
पछिवाट, तुल्यता (वरो-
वरी) २, ४५१
पछिल्ला ३५६
पठाउनु (अह्राउनु), पी-
डा, २, ४४१
पढ्नु ३७३
पती, धँञारो, मानीष, ३, ४३७
पद (सुप्तिङन्त समूह)-
निहूँ (वहाँना), निमित्त, ३, ४४०
पण्डित, जान्ने, २, ४४५
पण्डित, स्पष्ट, २, ३९६
पवटा, संक्षेप, भातको-
सीता, ३, ३७९
पवित्र (शुद्ध) ३५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्खाल्, सिप्लिक्रान्, २, ३९५
पर्वकोमाझ, वाला, राज्य-
(राजधानी) ३, ३८२
पर्वत, भेडो, सूर्य, ३, ४३७
पर्वत, वृक्ष, २, ३८३
पर्वत, राजा, २, ३९६
परतन्त्र (अरु को अधिन)३४१
पर्शू का (कोखा का हाड)-
का समूह ३७६
परस्पर, एकान्त, २, ४५२
पर्सिपल्ट ४६४
पराई को (द्रोह) रिस्-
गर्नें ३४८
परिक्षा (हेर विचार) गर्नें ३३८
परिणाम (विकार) ३७०
परिच्छद (सान् वान्)-
थोरै परिमाण, २, ४२८
पग्ले का ३६२
पग्ले का ३५९
पश्चिमदिशा, पश्चिम देश,-
पछिल्लो काल, ३, ४६४
पश्चिम, पछिल्लो, २, ४४९
पशु को सिङ्, हाथि को-
दाँत, २, ३९५
पशु (गाइ गोरु प्रभृति)-
धपाउनु, ३७६
पष्ट न बोल्ने ३४५
पस्नन सकिने ३५७
पसिना (गर्मी) बाट-
उत्पन्न हुने प्राणी (कामि-
ला, डाँस, जम्रा, उडुस्-
प्रभृती) ३४९
पहिला (अघिल्ला) ३५६
पहिले गये को काल् ४६०
पहिलो गर्भ धारण ३७२
पहिलो, जरा, मूल नक्षत्र,३, ४३५
पहिलो वाहेक, फरक्, २, ४५२
पाइयेका ३६३
पाइयेका ३५८
पाक्ना ३६७
पाइने ३५९
पाण्डु (सेतो पहेंलो मिलेको-
वर्णहुने) मृग, २, ३९३
पात, मयूरको प्वाँख, २, ४४६
पातला (अलि अलि), ३५३
पाताल गङ्गा, सर्पकी-
नगरी, २, ३९८
पादपूरण गर्ने शब्द ४५५
पानी, कुश, २, ४४०
पानी, विष, २, ४४२
पानी, शिर, २, ४५१
पाक्नु, वालक, २, ३८२
पाप, अपराध (कसूर) २, ४४४
पाप, दुःख, व्यसन् (जुवा,-
रण्डीवाजी आदि कुकर्म-
गर्नु) ३, ३८६
पाप, निन्दा, अलि अलि,३, ४४८
पाप, विष्ठा, मयल्, ३, ४३४
पार्वती, स्याल्, २, ४३९
प्रारंभ (थाल्नु), ३७३
प्याराबस्तु ३५०
प्यारो बोल्ने ३४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाले ४२५
पाले सँग सुत्नु ३७४
पास (पासो) कासमूह ३७७
पीडा, अप्रिय (प्यारो नभयेको), २, ३८०
पीडा, धनुको टुप्पो, २, ३९८
पीरो, अकार्य, रिस, खरो, ४, ३८९
पूजा गरियेका ३६१
पुण्य गर्ने ३४८
पुण्यात्मा, भाग्यमानी, २, ३३८
पूर्वदिशा, पूर्वदेश, पूर्वकाल, ३, ४६४
पूर्वदिशा, प्रथम, (पहिलो) पहिले, अघिल्तिर, ४, ४५०
पुराना ३५५
पुरो आयुहुने ३३८
पुष्टहुने ३५८
पेट्, भकारि, कोठा, ३, ३९०
पोसियेका ३६१
पौरुष् (मर्दाञी), पुरुषलेगरेको काम, २, ४४२
प्रकर्ष (ठुलो), लंघन(अतिक्रमण) २, ४४९
प्रगल्भ (वखतमा बुद्धिकोफुर्तिहुने), ३४३
प्रताप, कान्ति, वल, शुक्र(वीर्य), ४, ४४५
प्रताप, सज्जन्का बुद्धिलेगरेको निश्चय, लज्जाप्रभृति(नाद्य वर्गमा कहेको) अनुभाव, ३. ४३८
प्रतिकूल (उल्टो), येकछेउ, २, ३७१
प्रतिज्ञा, लडाँञी, कार्यगर्नू, आपत्ति, ४, ४२५
प्रतिनिधि (साटो), वीप्सा, लक्षण, ३. ४४२
प्रत्यक्ष, तुल्य, (वरावर) २, ४४९
प्रत्यक्ष, मालिक, २. ४४३
प्रत्यक्ष देख्नु सुन्नु ३७३
प्रत्याख्यान (चाँहदैनजहाँ सुर्कैजा भनी ग्रहणन गर्नु) ३७४
प्रत्याहार (इन्द्रियलाइ वशगर्नु) ३५०
प्रवाह, वेग, २, ३८३
प्रयोजन् न भयेका ३५६
प्रश्न ४६२
प्रश्न, खराब, २, ४५१
प्रश्न, ठहराउनु, आज्ञा, संबोधन (बोलाउनु) ४, ४५१
प्रश्न, तर्कना, २, ४४९
प्रश्न, तर्कना, २, ४५०
प्रशंसा (तारीफ). ४६२
प्रसिद्ध भयेका, ३३९
प्रसिद्ध हुनु ३६८
प्रसिद्ध हुनु, ठान्नु, क्रोध, अङ्गीकार, निन्दा, ५, ४५१
प्रातःकाल ४६२
प्रादुर्भाव (प्रकट् हुनु) ४५८
प्राधान्य (मुख्यत्व, मान),-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिखर (टाकुरो), सिङ्, ३, ३८५
प्रावार (दोपट्टा, पछ्यौरा), पाखि, २. ४३३
प्रेमगर्ने ३४०
प्रेमगर्ने, फुस्रो, २, ४४३
प्रेमले प्रार्थना गर्नु ३७२
पृथिवी, आकाश, २, ४४४
पृथिवी को प्पाल्, रक्षा-गर्नु, लुकाउनु, ३, ३९९
पृथिवी, वचन, मदिरा, जल्, ४, ४२७
